जि.प्र.का.महोत्तरी दर्ता न.५४-२०७८ -०७९

समाज , राष्ट्र र जनताको विकासको लागि

GAUSHALA KHABAR NATIONAL DAILY

# गौशाला खबर

राष्ट्रिय दैनिक

वर्ष ३ | अंक १६३ | १२ चैत्र २०८०, सोमबार | 25 Mar. 2024 | पृष्ठ ४ | मुल्य रु.५

# मिथिलामा तीन दिन होली

*महोत्तरी , चैत्र ११ गते*

मधेसमा दिनदिनै होली पर्वको रौनक छ । आइतबार सुरु भएको होली मङ्लबारसम्म खेल्ने तयारी मधेसमा छ ।

प्रदेशका आठवटै जिल्लाका उत्तरवर्त्ती क्षेत्रमा सघन बसोबास भएका पर्वते (पहाडी) मूलका हिन्दू आज फागुपर्व मनाउँदै छन् । पूर्णिमा तिथिकै दिन फागु मनाइने परम्पराअनुसार पहाडी मूलका हिन्दूले आइतबार फागु मानिएका हुन् ।

यता साधु परम्परा (मठ, गुरुकूल परम्परा)मा पूर्णिमा सकिएर लाग्ने प्रतिपदा तिथिमा फागु खेल्ने परम्परा छ । यसअनुसार मधेसका अधिकांश ठाउँमा भोलि होली पर्व मनाइने तयारी छ । मिथिलाको माध्यमिकी परिक्रमा क्षेत्रभित्र अन्तगृह परिक्रमा सम्पन्न गरिएपछि त्यसको भोलिपल्ट पर्व मनाउने परम्परा छ । यसअनुसार सोमबार अन्तगृह परिक्रमा गरिएपछि मङ्गलबार होली खेलिनेछ ।

पन्ध्र दिने मिथिला माध्यमिकी परिक्रमाको अन्तिम दिन जनकपुरधामको रङ्गभूमिमा अन्तिम बास बसेर १६औँ दिन बिहान अन्तगृह परिक्रमा गरिन्छ । अन्तगृह परिक्रमाकै क्रममा होलिका दहनको धुरा उडाएपछि (राक्षसी प्रवृत्तिकी प्रतीक मानिने होलिका राक्षसीको आकृति डढाएको खरानी उडाउने विधि) भोलिपल्ट होली मनाइने परम्पराअनुसार मङ्गलबार पर्व मनाउनपर्ने स्थापित मैथिल परम्परा भएको यसक्षेत्रको पाका मैथिल बताउँछन् ।

फागुपर्व तिथि टेकेर मनाइनुपर्ने हुँदा चैत कृष्ण प्रतिपदाका दिन मनाइनुपर्ने साधु परम्पराका अनुयायीको मत छ । यस मतका अनुयायी भोलि सोमबार पर्व मनाउने तयारीमा छन् । यसैगरी परिक्रमा



यात्राको अन्तगृहलाई आधार मानिँदा पर्सी मङ्गलबार पर्व मनाइनेको सङ्ख्या उल्लेख्य देखिन्छ । खासमा १५ दिने मिथिला माध्यमिकी यात्राको एक सय ३३ किमी वृत्तभित्र पर्सी मङ्गलबार पर्व मनाइने मैथिल संस्कृति र परम्पराका जानकार सञ्चारकर्मी श्यामसुन्दर शशिले बताए ।

“मध्यमा परिक्रमा जनकपुरको रङ्गभूमि मैदानमा जम्मा भएकै दिन राति होलिका दहन गर्ने, भोलिपल्ट अन्तगृह परिक्रमासँगै धुरा उडाउने र त्यसको भोलिपल्ट पर्व मनाउने परम्परा छ”, शशिले भने, “यसमा सामान्यतया तिथिको कुरा त जोडिन्छ, तर कहिलेकाहीँ तिथिको भोग घटबढको असरले तलमाथि पर्छ ।” मिथिलामा सामान्यतया चैतकृष्ण प्रतिपदाका दिन होली पर्व पर्ने भए पनि होलिका दहन र अन्तगृह परिक्रमा एक दिनको फरकमा हुने परम्पराले यसपालीको पर्व मङ्गलबार पुगेको शशिले बताए ।

यहाँ पर्वते र मूल मधेसी समुदायको अन्तर्घुलनले सबै परम्पराअनुसार एकअर्काको होली परम्परामा सरिक हुँदै आएका छन् ।

“प्रेम, सद्भाव र आपसी एकताको सन्देश दिने पर्वको अभिष्ठ हो, हामी तीनै दिन एकआपसमा मिलेर होली खेल्छौँ”, भङ्गाहा नगरपालिकाका प्रमुख सञ्जिवकुमार साहले भने । आआफ्ना सुविधा र मान्यताअनुसार तीन दिन ‘होरी’ मनाइँदै गरिए पनि यसपाली होली शान्त नै देखिएको छ ।

बस्तीका घरघर र सडक गल्लीसम्म एकअर्कोलाई लोला हान्ने, भीड जम्मा हुने र रङ प्रयोगमा कमी देखिएपछि होली शान्त देखिएको हो । मधेस प्रदेशभित्रका आठै जिल्लामा जिल्ला प्रशासनले भिडभाड नगर्न, भिडभाडमा नजान, रङ र लोला नहान्न सार्वजनिक सूचना नै जारी गरेर अपिल गरेको छ।

**तीन दिन होलि मनाउँनुको कारण यस्तो छ :**

सरकारी क्यालेन्डर अनुसार फागु पर्व अर्थात् होली यस वर्ष पहाडमा आइतबार र तराई-मधेसमा सोमबार मनाइन्छ । सरकारले त्यही अनुसार पहाडी क्षेत्रमा आइतबार र मधेसमा सोमबार बिदा दिएको छ । केही वर्षदेखि मधेसमा आफ्नो सुविधा अनुसार पर्व मनाइरहेका छन् ।

यसपाली मधेसमा सोमबार, मंगलबार, बुधबार पनि होली मनाइने भएको छ । त्यसैले कतिपय पालिकाले होलीका अवसरमा भन्दै एक सातासम्म विद्यालयमा बिदा दिएका छन् ।

संस्कृतिविद् रोशन जनकपुरी भन्छन्, ‘मधेसमा केही वर्ष यता मानिसहरूले आफ्नो सुविधा अनुसार होली मनाउन

**बाकि पृष्ठ २ मा**


## वैदेशिक रोजगारीको लागि सुवर्ण अवसर

ALL NASR STAR SECURITY SERVICES
QATAR

SECURITY GUARD –100PAX
SALARY –1690
DUTY–12HRS30DAYS
AGE–21–40YRS
HEIGT–5=6 OR ABOVE
MOST HAVE ENGLISH



DIRECT PARTY ENTERVIEW
ON 23–MARCH –2024
(SATURDAY)

NEW RAM JANAKI TRANING CENTER
BARDIBAS –14MAHOTTARI
9817838138,9862251067,9800863131,9802003638,9802003637

## भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो

## श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय
गौशाला न.पा. -५ , महोत्तरी

Diploma in civil
Engineering (class 9 to 12 )

**हाम्रा विशेषताहरु :**

- दक्ष अनुभवी र प्राप्त शिक्षक एवं प्रशिक्षक द्वारा अध्यापन गराइने ।
- जेहेनदार , दलित अपाङ्ग विद्यार्थीहरुको निमित्त छात्र वृत्तिको व्यवस्था ।
- कक्षा कोठामा CCTV CAMERA / PROJECTOR को व्यवस्था ।
- कम्प्युटर ल्यावको व्यवस्था भएको ।
- विज्ञान एवं इन्जिनियरिंग ल्याबको व्यवस्था भएको ।
- Physics ,chemistry , soil mechanics , fluid mechanics , survey and structural lab.
- समय समयमा शैक्षिक भ्रमण गराइने ।
- प्रवेश परिक्षामा प्रथम , द्वितीय , तृतीय गर्ने छात्र छात्रालाई १००% ,५०%, २५% छात्रवृत्तिको व्यवस्था (एक वर्षको लागि ) ।



**आवश्यक कागजातहरु :**
कक्षा ८ को प्रवेश पत्रको प्रतिलिपि -१ थान
जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि - १ थान
पि. पि. साईज फोटो - २ थान

फारम भर्ने मिति २०८० चैत्र १० गते देखि २०८० चैत्र २५ गते सम्म
Entrance preparation class = chaitra 25 27 28

परिक्षा मिति : २०८० चैत्र २९ गते विहिबारको दिन

## श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय
गौशाला न.पा. -५ , महोत्तरी

प्र.अ. विनोद महतो
Mob 9814800989

Co–ordinator : Er Pappu Er Roshan
Mob 9801674850

## दिपक पार्टी प्यालेस एण्ड होटल
बर्दिबास -१ महोत्तरी (नगरपालिका भवनदेखि उत्तर



*यहाँ विवाह ब्रतबन्धन ,सभा सम्मेलन ,सेमिनार,गोष्ठी आदि कुनै पनि शुभ कार्यको लागि ५०० भन्दा बढी अट्ने सभाहल,पार्किंगको राम्रो व्यवस्था ,सुलभ मूल्यमा खान बस्नको व्यवस्थाको साथै रेष्टुरेन्टको पनि व्यवस्था रहेको छ।*

टेन्ट क्याट्रींग सम्बन्धि इन्डोर आउटडोरको सम्पूर्ण सेवा सुविधा उपलब्ध छ।
सम्पर्क : ९८५४०२९४२६,९८०४८३८९२६

# सम्पादकीय

**महिला खेलकुदमा हौसला देऊ**

महिला सशक्तीकरणको लागि उनीहरुलाई खेलकुद तर्फ अग्रसर गर्नु आवश्यक छ ।

नेपाली महिलालाइ खेलकुदमा राम्रो गर्नको लागि स्थानीय स्तर देखि लिएर केन्द्रिय स्तरबाट पनि सेवा सुविधा प्रदान गर्न आवश्यक छ । खेलले देशलाई विश्वमा चिनाउन सहयोग गर्दछ । यो भनेको नेपाली खेलकुद जगत्ले विश्वमा पाएको इज्जत पनि हो ।

यसको लागि सम्बन्धित सरोकारवाला तथा निकायहरुले बिशेष ध्यान दिन जरुरि छ । खेललाइ नगर स्तरबाटै बिकास गर्नुपर्दछ , यसको लागि स्थानीय स्तरका जनप्रतिनिधिले खेलकुदको व्यवस्थापन , बजेट बिनियोजन गर्नुपर्दछ ।

यदि यो महिलालाइ राम्ररी तयारी गर्न सरकार र सम्बन्धित निकायले जमर्को गरेमा भोलिको दिनमा नेपालले महिला विश्वकप खेल्न सक्नेछ। उनीहरुमा जोश छ, कला छ। जनप्रतिनिधिले खालि खेल हेरेर वाह भनी बधाई दिने होइन.कि उनीहरुलाई हौसला प्रदान गर्नुका साथै बेग्लै प्रशिक्षणको पनि आवश्यकता छ।

यसको लागि एन्फाले सरकारसँग समन्वय गर्नु अहिलेको आवश्यकता हो । एन्फाले नेपाली टिमको भव्य स्वागत गर्‍यो तर, खेलाडीको लागि अहिलेसम्म केही पनि घोषणा गरेको छैन।

सरकार पनि चुपचाप नै देखिएको छ । हौसला प्रदान गर्ने खालको कुनै प्याकेज पनि आएकै छैन। यस्तो राम्रो प्रदर्शनमा पनि सरकार किन निष्क्रिय देखिएको हो, बुझ्न गाह्रो छ ।

## बसको ठक्करबाट साइकल यात्रीको मृत्यु




*महोत्तरी , चैत्र ११ गते*

रौतहटको चन्द्रपुर नगरपालिका १ मङ्गलपुरमा बसको ठक्करबाट आज साइकल यात्रीको मृत्यु भएको छ । चन्द्रनिगाहपुरबाट पुर्ब जादै गरेको मे १ ख ख २५३६ नम्बरको यात्रुवाहक बसको ठक्करबाट चन्द्रपुर नगरपालिका १ पौराई निवासी जगत बहादुर राईको घटनास्थलमो मृत्यु भएको छ ।

उनको श्रीमती ५५ वर्षीय धनमाया राई घाइते भएकी छन् ।स्थानीयले घटनाको विरोधमा चक्काजाम गरेका छन । होली पर्वमा प्रहरीको सुरक्षा फितलो रहेको आरोप छ।

## हाम्रोतर्फबाट सरकार अस्थिर बनाउने काम हुँदैनः उपमहासचिव खतिवडा

*महोत्तरी, चैत ११ गते ।*

नेपाल कम्युनिष्ट पार्टी ृएकीकृत समाजवादीका उपमहासचिव जगन्नाथ खतिवडाले अहिलेको संसद्भित्र आफ्नो दल एकीकृत समाजवादी निर्णायक नभई सहयोगीमात्र भएको हुँदा आफ्नातर्फबाट सरकार अस्थिर बनाउने खेल नहुने बताउनुभएको छ ।

आज महोत्तरीको बर्दिबासमा समाजवादी प्रेस सङ्गठन नेपाल, महोत्तरीको प्रथम जिल्ला अधिवेशनमा उद्घाटन मन्तव्य दिनुहुँदै खतिवडाले मुख्य भनिने ठूला दलका कारण सरकार स्थायी नभएको धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, “जनताले सरकार स्थायी भएन भनेर चित्त दुखाउने ठाउँ छैन, जनादेश नै त्यस्तै छ ।” उहाँले संसद्भित्र हुने गणितको खेलले सरकार स्थिर हुन नसकेको बताउनुभयो । खतिवडाले पत्रकारलाई निर्भिक भएर भ्रष्टाचारविरुद्ध, सुशासन प्रवर्द्धनका पक्षमा कलम चलाउन अपिल गर्नुभयो ।

समाजवादी प्रेस सङ्गठनका केन्द्रीय अध्यक्ष विश्वमणि सुवेदी, महासचिव रामकुमार एलन, मधेस अध्यक्ष प्रवीण साहसहितले आफूहरू सङ्गठन विस्तारको अभियानमा लागेको उल्लेख गर्नुभयो ।

सङ्गठनका जिल्ला अध्यक्ष शर्मिला घिमिरेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासङ्घ महोत्तरी शाखाका कार्यवाहक अध्यक्ष सुनिता बराल र नेकपा ९एमाले० नेता शङ्कर महतोसहितले शुभकामना मन्तव्य व्यक्त गर्नुभयो ।**गोरखापत्र**

## मिथिलामा ..............................................

थालेका छन् । संस्कृति, परम्पराप्रतिको चेतनाको कमीले यस्तो भएको हो ।’ उनका अनुसार कसैले आफ्नो व्यापार अनुसार होली मनाउने गरेका छन्, कसैलाई माछामासु खानु छ भने त्यो अनुसार होली मनाउँछन् भने कसैले परम्परा अनुसार मनाउँछन् ।

संस्कृतिविद् जनकपुरीले भने, ‘पहाडमा पूर्णिमाको दिन होली मनाउँछन् भने त्यसको भोलिपल्ट मधेसमा होली मनाउने चलन छ तर पछिल्लो समय त्यो सेड्युल भत्किएको छ ।’ मधेसमा धेरै ठाउँमा सोमबार होली मनाइँदै छ भने जनकपुर र त्यस आसपास मंगलबार र बुधबार पनि होली मनाउने देखिएको छ । सोमबार र मंगलबार माछामासु नखाने व्यक्तिहरूले बुधबार होली मनाउने योजना बनाएका छन् ।

यद्यपि यसपटक मधेसका अधिकांशले मंगलबार नै होली मनाउने जनकपुरीले बताए ।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले पनि जनकपुरमा मंगलबार नै होली मनाउने बताए । मधेस प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडीले अब होली संस्कृति परम्पराभन्दा पनि खानपानमा सीमित भएको टिप्पणी गरे । उनले भने, ‘होलीको परम्परा समाप्त भइसकेको छ, यो खानपानमा सीमित भएको छ, जुन चिन्ताको विषय हो ।’

मधेसमा १५ दिने परिक्रमाको आधारमा होली मनाउने चलन छ । पूर्णिमाको एक दिन पहिले परिक्रमा जनकपुर आइपुग्छ, त्यो दिन अन्तरगृह परिक्रमा हुन्छ र त्यसको भोलिपल्ट मात्र होली खेल्ने चलन रहेको कापडीले बताए । परिक्रमाको आधारमा होली खेल्ने चलन परम्परादेखि चल्दै आएको हो, चाहे जुनसुकै दिन, जुनसुकै मिति किन नहोस्, परिक्रमा फर्केको पर्सिपल्ट होली मनाउने चलन रहेको उनको भनाइ छ।

फागुन औँसीका दिन धनुषाको ठेरा कचुरीबाट निस्कने मिथिला बिहारीको डोला र जनकपुरको रत्नसागर तथा अग्निकुण्डबाट निस्कने किशोरीजीको डोला जानकी मन्दिर भएर जनकपुरको हनुमाननगर पुगेपछि माध्यमिकी परिक्रमाको सुरुवात हुन्छ ।

नेपालको ९० किलोमिटर र भारतको ३० किलोमिटर गरी १२० किलोमिटर दूरी परिक्रमा गरेर आइतबार व्रतालुहरू जनकपुर आइपुग्दै छन् । सोमबार अन्तरगृह परिक्रमा भएपछि मंगलबार होली मनाउनु पर्ने हो तर मंगलवार पनि माछा मासु नखाने, व्रत बस्नेहरूले बुधबार होली मनाउने भन्ने सुनिएको अध्यक्ष कापडीले बताए । हरेक कुरालाई मान्छेले आफ्नो सुविधा अनुसार प्रयोग गर्न थालेको टिप्पणी गर्दै उनले यसले गर्दा तराई मधेसका परम्परा हराउँदै गएको बताए । मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवका प्रेस सल्लाहकार सीताराम अग्रहरीका अनुसार जनकपुरमा होलीका बारेमा धेरै अन्योल छ ।

उनले भने, ‘म व्यक्तिगत रूपमा भने क्लियर छु । पहाडमा फागु होलिका दहनका दिन मनाइन्छ भने मधेसमा भोलिपल्ट ।’ मासु खानेहरूका लागि त ३६५ दिन नै खुला रहेको टिप्पणी गर्दै उनले भने, ‘चाडपर्व भनेको एउटा पहिचान हो र त्यसलाई जगेर्ना गर्नु सबैको कर्तव्य पनि हो, यसको मतलब यो होइन कि चाडपर्वको नाममा जे मन लाग्यो त्यही गर्ने ।’

जानकी मन्दिरका महन्थ रामरोशन दासले मधेसमा मंगलबार होली मनाउन अपिल गरेका छन् । उनले भने, ‘यसमा कुनै विवाद नै छैन, आइतबार परिक्रमा जनकपुर आइपुग्छ, सोमबार अन्तरगृह परिक्रमा गरेपछि मंगलबार होली मनाइन्छ ।’ उनका अनुसार होली माछामासु खाने पर्व होइन । यो पर्वमा खीर, पुरी, पुवालगायत अन्य मिष्ठान्न खाने चलन रहेको उनले बताए ।

होलीमा माछुमासु, रक्सी खाने चलन जबर्जस्ती ल्याइएको भन्दै उनले यसैका आधारमा होलीको परम्परालाई बिगार्ने खेल भइरहेको आरोप लगाए । मंगलबार माछामासु खान हुँदैन भनेर होलीलाई बुधबार सार्ने तर्क नै कुतर्क रहेको उनले बताए । यसमा आफूले केही टिप्पणी नगर्ने उनको भनाइ छ ।

**स्रोत : रासस**

विज्ञापन गराउन

कुनै पनि संघ संस्था तथा व्यवसायको रेडियोबाट विज्ञापन गराउन तथा जिंगल बनाउनको लागि सम्झनुहोस ।

विस्तृत जानकारीको लागि
रेडियो जुनतारा१०३.४ मेगाहर्ज
गौशाला महोत्तरी
सम्पर्क नम्बर :९८२७८५३६५०

मार्केटर : संजय कुमार साह
सम्पर्क न. :९८२९९३६३९८

### आवश्यक टेलिफोन नम्बरहरु

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | २५०१९९ |
| इलाका प्रहरी कार्यालय ,गौशाला | ५५६१०० |
| नेपाल पत्रकार महासंघ ,महोत्तरी शाखा | ५२०५१५ |
| प्राथमिक स्वास्थ्य ,गौशाला | ९८४४२९५९७० |
| बर्दिबास अस्पताल | ५५००९० |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| वारुण यन्त्र दमकल | ५२००९७ |
| नेपाल विद्युत वितरण केन्द्र ,गौशाला | ५५६०८९ |
| रेडीयो जुनतारा १०३.४ मेगाहर्ज ,गौशाला | ९८१९६४६८२५ |

भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥

सिद्धार्थ वाल सदन इंगलिस बोर्डिंग स्कूल
भंगहा न.पा. ७ गोरहन्ना बजारमा
भर्ना खुल्यो

NEW ADMISSION OPEN

हाम्रा विशेषताहरु

- दक्ष ,अनुभवी एवं तालिमप्राप्त शिक्षकहरुद्वारा प्रयोगात्मक विधिबाट अध्यापन
- विद्यालय प्राणमै यथेष्ट खेल मैदान
- पुस्तकालयको व्यवस्था
- जेहन्दार मेहनेती शहिद परिवार,दलित ,फरक क्षमता तथा विपन्न पारिवारका विध्यार्थीहरुलाई
- छात्रवृत्तिको व्यवस्था
- शान्त स्वच्छ र अनुशासित शैक्षिक बातावरण भएको
- डे बोडर्स तथा नाइट बोर्डर्सको व्यवस्था
- कम्प्युटर कक्षाको व्यवस्था
- यातायातको व्यवस्था
- स्कूलको आफ्नै भवनमा पठनपाठनको व्यवस्था
- नर्सरी कक्षा देखि ८ कक्षा सम्मको व्यवस्था
- प्रत्येक कक्षाकोठामा अअकेमरको व्यवस्था



थप जानकारीको लागि

सिद्धार्थ वाल सदन इंगलिस बोर्डिंग स्कूल
भंगहा न.पा. ७ गोरहन्ना बजार

प्रिन्सिपल :वद्री राय दनुवार ,९७०२९०७००५ ,९८२७७०४१३३

# उपनिर्वाचनको तयारी हुदैं

*काठमाडौँ , चैत्र ११ गते*

अर्थ मन्त्रालयले आगामी वैशाख १५ गते हुने उपनिर्वाचनका लागि निर्वाचन आयोगलाई १० करोड रुपैयाँ बजेट खर्च गर्न स्वीकृति दिएको छ। आयोगले इलाम क्षेत्र नम्बर २ मा प्रतिनिधि सभा निर्वाचन र बझाङ क्षेत्र नम्बर १ को प्रदेश सभा १ मा हुन लागेको उपनिर्वाचनका लागि अर्थ मन्त्रालयसँग १० करोड रकम मागेको थियो । आयोगले मागेअनुसार मन्त्रालयले सो बराबरको रकम खर्च गर्न स्वीकृति प्रदान गरेको प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले रातोपाटीलाई जानकारी दिए । आयोगले मागेको रकममध्ये झन्डै ८ करोड रुपैयाँ खर्च हुने अनुमान रहेको उनले बताए ।

प्रमुख निर्वाचन आयुक्त थपलियाले भने, 'आयोगले मागेको १० करोड स्वीकृत पनि भइसक्यो, हामीलाई त्यति धेरै त चाहिँदैन, सात-आठ करोड रुपैयाँ लाग्छ जस्तो लाग्छ। कर्मचारी घटाउने नै मुख्य खर्च हो । बजेट स्वीकृति भइसक्यो, अख्तियारी गर्ने काम भइरहेको छ, कार्यालय स्थापना हुनासाथ हामी बजेट पठाइहाल्छौँ ।' उपनिर्वाचनमा मतगणना कार्य मतदानस्थलबाटै गर्न खोजे पनि कानुनी जटिलताका कारण गर्न नसिकिएको थपलियाले जानकारी दिए । आयोगले यतिबेला मतदाता नामावली अद्यावधिक गर्ने र निर्वाचन सामग्री व्यवस्थापनको काम गरिरहेको उनले बताए। निर्वाचन हुने जिल्लामा कति सामग्री छ, नपुग्ने भए अर्को जिल्लाबाट कति लैजानुपर्छ भनेर निर्वाचन सामग्री व्यवस्थापन भइरहेको उनको भनाइ छ।

मुख्य निर्वाचन अधिकृत तोक्नका लागि नाम माग्ने तथा कार्यालय व्यवस्थापन गर्ने काम भइरहेको प्रमुख आयुक्त थपलियाले बताए । उनले भने, 'यस्तै हामीले सूक्ष्म रूपमा सुरक्षा संयन्त्र प्रयोग गरेर त्यहाँको अवस्था के छ, मतदातामा कत्तिको उत्साह छ, दलहरूप्रतिको दृष्टिकोण के छ, निर्वाचनमा कुनै अप्ठेरो स्थिति, शान्ति सुरक्षा सम्बन्धी कुनै अप्ठेरो आउँछ कि भनेर सूक्ष्म ढङ्गले अध्ययन गर्ने काम भइरहेको छ । चैत २२ गते



जब हामी अन्तिम मतदाता नामावली निकाल्छौँ, २४ गते उम्मेदवारी दर्ता हुन्छ, यसरी फटाफट हामी अगाडि बढ्छौँ ।' निर्वाचनका लागि मुख्य निर्वाचन अधिकृत चयनका लागि न्यायाधीशहरूको नाम प्राप्त भएको र चैत २२ गते मुख्य निर्वाचन अधिकृतको कार्यालय खोल्ने तयारी रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले जानकारी दिए ।

मतदाता नामावली अध्यावधिक गर्ने काम अन्तिम चरणमा पुगेको र उपनिर्वाचन भएकाले कामको चाप धेरै नरहेको पौड्यालले बताए। उनले भने, 'यो उपनिर्वाचनमा धेरै खरिदको काम गर्नु नपर्ने, निर्वाचन अधिकृतको कार्यालय पनि २ वटा मात्र हुने भएकोले आयोगलाई त्यति धेरै कामको चाप चाहिँ छैन । कार्यतालिका अनुसार नियमित रूपमा भइरहनुपर्ने कामहरू अघि बढिरहेका छन् ।'

जति उम्मेदवार, त्यतिमात्रै मतपत्रमा चिह्न

यो उपनिर्वाचनमा उम्मेदवारी परे अनुसार मात्र मतपत्रमा चुनाव चिह्न राखिने भएको छ । उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरेपछि कति उम्मेदवारी परेको छ, त्यतिमात्रै मतपत्रमा चिन्ह राखिने प्रवक्ता पौड्यालले जानकारी दिए ।

उनले भने, 'उम्मेदवारी जति पर्छ मतपत्रमा त्यतिमात्रै चुनाव चिह्न राख्छौँ। विगतमा आम निर्वाचनका बेला हामीलाई यसरी चुनाव चिह्न राख्न सम्भव थिएन । त्यतिबेला करिब बिस-पच्चिस दिन मतपत्र छपाई गर्नुपर्थ्यो, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिसकेपछि निर्वाचनको समयसम्ममा मतपत्र छपाएर ढुवानी गर्नुपर्ने भएकोले उम्मेदवारको सङ्ख्या अनुसारको चिह्न राखेर मतपत्र छपाई गर्न सम्भव थिएन। दल दर्ता भएको आधारमा मतपत्रमा चिह्न राख्ने काम गर्थ्यौं। आम निर्वाचनमा असी-नब्बे वटा दल हुन्थे, त्यही अनुसार हामीले निर्वाचन चिन्ह राख्थ्यौँ । यो निर्वाचनमा जति उम्मेदवार त्यतिमात्रै चिन्ह राख्छौँ ।'

आगामी चैत २४ गते उम्मेदवारको मनोनयन दर्ता गर्ने कार्यसूची रहेको छ भने चैत २७ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने कार्यसूची रहेको छ । अन्तिम नामावली प्रकाशन गरेसँगै राजनीतिक दल तथा स्वतन्त्रबाट के कति उम्मेदवारी पऱ्यो त्यसका आधारमा निर्वाचन चिह्न रहने गरी मतपत्र छपाइको काम अघि बढ्ने प्रवक्ता पौड्यालले जानकारी दिए ।

निर्वाचन तयारी र सुरक्षा अवस्थाबारे बुझ्न स्थलगत भ्रमणमा आयोग

आयोगले इलाममा निर्वाचनको तयारी र सुरक्षा अवस्थाबारे स्थलगत रूपमा जानकारी लिएको छ । आयोगका सहसचिव एवम् प्रवक्ता

बाकि पृष्ठ ४ मा


## गौशाला कान उपचार केन्द्र

गौशाला- ५ ,महोत्तरी
( निगौल गाई गौशाला -५ गोरु बजार नजिक नँया भवनको माथिलो तल्लामा )
**सम्पर्क न. ९८१४७८६९२१ , ९८१५७४६३१५**

**हाम्रो सेवाहरु**

१ ओ.पि.डी सेवा प्रत्येक दिन (बिहान १० हजे देखि ४ बजे सम्म )
२ गौशालामा ओ.पि.डी सेवा प्रत्येक दिन सोमबार र विहिबार (बिहान १० हजे देखि ४ बजे सम्म )
३ जर्मनी अटोस्कोप मेशिनद्वारा कान जांच गरिन्छ ।
४ कान कम सुन्नेहरूलाई डिजिटल मेशिनद्वारा श्रवन परिक्षण गरिन्छ ।
५ कान कम सुन्नेलाई श्रवन यन्त्र ( hearing aid ) पाइन्छ ।
६ कानको जालीमा प्वाल परेको /हड्डी कुहिएको ,मासु पलाएको कानमा पनि जमेको,काम कम सुन्ने कान कान रोगीहरुलाई (ENT surgeon )द्वारा अप्रेशन पनि गरिन्छ॥

**साथै : कान पाक्ने (पिप आउने) कान दुख्ने,कान कम सुन्ने कान कराउने ,कान चिलाउने जस्ता रोगीहरुले समयमै कान जांच गराई बहिरोपन हुन् बात बाँचौ र अरुलाई पनि बाचाऔ ।**

## बर्दिबास कान उपचार केन्द्र प्रा.लि.

बर्दिबास -१४ बजार मन्दिर नजिक,महोत्तरी
सम्पर्क न. ९८४०९०१३५३ , ९८१५७४६३१५


## दैनिक राशिफल

**मेष** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) आज भाग्यले साथ दिनेछ ।

**मिथुन** (का, कि, कु, घ, ङ, छ, के, को, हा) आज कामको सन्दर्भमा आउँने प्रतिस्पर्धीहरूलाई किनारा लगाउँदै महत्वपूर्ण उपलब्धि हासिल गर्न सकिनेछ।

**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) आज बोलीवचन एवं प्रवचन भाषण आदिमा प्रशंसा मिल्नेछ । परोपकारी कार्यमा संलग्न भइनेछ।

**तुला** (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) आज आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ ।

**धनु** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) वाणीमा कुशलता आउने दिन परेको छ। करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ।

**कुम्भ** (गु, गे, गो, सा, सि, सु, से, सो, दा) परोपकारजन्य कार्यमा लगाव बढ्ने र धन सञ्चयको अवसर प्राप्त हुनेछ। आजको दिन मनोरञ्जनपूर्ण रहनेछ ।

**वृष** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) आज शरीरमा कमजोरी अनुभूति हुनेछ ।

**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) आज घरमा कुटुम्बको आगमन हुने एवं परिवारमा नयाँ सदस्य थपिन पनि सक्ने सम्भावना छ ।

**कन्या** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) घरायसी वातावरणमा केही असामान्यता देखिन सक्छ। परिवारभित्रका झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ।

**वृश्चिक** (तो, ना, नि, नु, ने, नो, या, यि, यु) परिणाममुखी जिम्मेवारी वहन गर्ने समय आएको छ । मठमन्दिरको भ्रमणले काम सम्पन्न गर्न थप ऊर्जा प्रदान गर्नेछ।

**मकर** (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) आज गोप्य सूचना बाहिरिनाले समस्या आउनेछ। य

**मीन** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) धार्मिक र सामाजिक महत्त्व भएको क्षेत्रमा भ्रमण हुनसक्छ । दूरदराजमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ।


**भर्ना खुल्यो । भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।।**

PG To Grade 6

नेपाल सरकार द्वारा मान्यता प्राप्त

"Excellent education is our passion"

ADMISSION OPEN

**जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल**

शतप्रतिशत शैक्षिक गुणस्तरको ग्यारेन्टी,
आधुनिक शिक्षा पद्धति र बालमैत्री वातावरण भएको,
जि.डी.एम. स्कूल, अब तपाईंकै शहरमा हार्दिक स्वागत गर्दछौं ।

**हाम्रा विशेषताहरू:**

- खुल्ला प्रतियोगिताद्वारा छनौट गरि नियुक्त गरिएको शिक्षक, शिक्षिकाद्वारा पठनपाठन गराईने,
- शान्त, स्वच्छ र अनुशासित शैक्षिक वातावरण भएको,
- विद्यालय प्राङ्गणमै, यथेस्ट खेल मैदान भएको,
- Montessori, Play Group तथा Smart Class को उचित व्यवस्था भएको,
- कक्षा १ देखि नै कम्प्यूटर शिक्षा Theoritical & Practical ज्ञान दिने,
- नियमित Music, Dance, Games, जस्ता अतिरिक्त क्रियाकलाप को व्यवस्था गरिएको,
- गुणस्तरीय पुस्तककालयको (E-Library) को व्यवस्था भएको,
- कक्षा अनुगमनका लागि CCTV क्यामेराको साथै Security System को व्यवस्था गरिएको,
- शिक्षण सुलभ बनाउन Free Internet / Library को व्यवस्था गरिएको,
- Projector द्वारा Class Prepration & Class Motivation शिक्षणको व्यवस्था गरिएको,
- गौशाला बजार तथा अन्य ठाउँमा यातायातको व्यवस्था गरिएको,
- Hostel/Day Hostel को उचित व्यवस्था भएको,

***Why choose us?***

- Nurturing Environment
- Experienced Educators
- Playful Learning
- Holistic Development
- Child-centric learning
- Well-equipped Computer Lab
- Child friendly, clean & safe invironment
- Kids club & Audio-Visual system
- Mud station, play station & many

**जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल**
G.D.M. ENGLISH BOARDING SCHOOL
संस्कारयुक्त शिक्षा
PG To Grade 6
Gaushala-5, Mahottari Near to Brahamsthan
Contact.-9801605172, 9815840565, 9867807469
gdmenglishboardingschool@gmail.com G.D.memorial english boarding school

## उपनिर्वाचनका ..............

शालिग्राम शर्मा पौड्यालले इलाम पुगेर त्यहाँको वस्तुस्थितिबारे जानकारी लिएका छन् ।

औपचारिक रूपमा मुख्य निर्वाचन अधिकृत नतोकिएपनि इलाम जिल्ला अदालतका न्यायाधीशलाई आफूले भेटेको उनले बताए । यस्तै प्रमुख जिल्ला अधिकारीलाई भेटेर सुरक्षाको अवस्था कस्तो भन्नेबारे बुझेको र आयोगको तर्फबाट 'हाईअर्लट' हुनुपर्ने कुरा जानकारी गराएको पौड्यालले जानकारी दिए ।

यस्तै जिल्ला निर्वाचन कार्यालयमा निर्वाचन सामग्रीको अवस्था हेर्ने तथा बुझ्ने काम गरेको भन्दै उनले केही मतदान केन्द्रहरुको अवस्था पनि अवलोकन गरेर काठमाडौं फर्किएको जानकारी दिए ।

इलाम क्षेत्र नम्बर २ मा १४९ वटा मतदान केन्द्र रहेको र नयाँ मतदाता नामावली आएपछि एक दुई वटा थपघट हुन सक्ने पौड्यालले जानकारी दिए ।

एमालेले छान्यो उम्मेदवार, अन्य दलको बाँकी

नेकपा एमालेका उपाध्यक्ष एवं संविधान सभा अध्यक्ष सुवास नेम्वाङको निधन भएपछि खाली रहेको इलाम क्षेत्र नम्बर २ मा हुन लागेको उपनिर्वाचनमा उनकै कान्छा छोरा सुहाङ नेम्वाङलाई उम्मेदवार बनाउने निर्णय गरेको छ। आइतबार पार्टी कार्यालय च्यासलमा बसेको एमाले सचिवालय बैठकले नेम्वाङलाई उम्मेदवार बनाउने निर्णय गरेको हो। यस्तै बझाङ १( १)प्रदेश निर्वाचन क्षेत्रमा पनि एमालेले दमनबहादुर भण्डारीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।

अन्य दलहरुले भने उम्मेदवारको टुङ्गो लगाइसकेका छैनन्। नेपाली कांग्रेसले उम्मेदवार छनौटका लागि महासमिति सदस्य भेषराज आचार्य, पूर्वराज्यमन्त्री केशव थापा, जिल्ला सभापति डम्बरबहादुर खड्का, संविधानसभा सदस्य नगेन्द्र कुमाल, रमेश लिङ्देन, शान्तिकला तामाङ (राई) र चन्द्रमाया लिम्बूको नाम पार्टी केन्द्रमा सिफारिस गरेको छ ।

यता माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी दलले यसबारे कुनै निर्णय लिएका छैनन् । उता राष्ट्रिय स्वतन्त्र पार्टीले चैत १४ गतेसम्मका लागि उम्मेदवार हुन चाहनेहरूबाट आवेदन माग गरेको छ। पार्टी सदस्यहरूबाट प्रारम्भिक मतदान गराएर उम्मेदवार छान्ने नीति लिएको रास्वपाले चैत १७ गते उम्मेदवार सार्वजनिक गर्ने कार्यतालिका बनाएको छ।

इलाममा क्षेत्र नम्बर २ मा हुने उपनिर्वाचनमा भाग लिनका लागि २० राजनीतिक दल आयोगमा दर्ता भएका छन् ।

## श्रीमान-श्रीमतीको एकसाथ दाहसंस्कार



सर्लाहीको भारतीय सीमावर्ती विष्णु गाउँपालिका स्थित वाराउद्योरण गाउँमा श्रीमान र श्रीमतीको एकसाथ दाहसंस्कार गरिएको छ

श्रीमान ललन सिंहको शव देख्ने वितिकै श्रीमती संगिता सिंहलाई हर्टअट्याक भएको र उपचारका क्रममा उनको पनि मृत्यु भएको छ। बुबाआमाको एकसाथ मृत्यु भएपछि २ छोरी र एक छोराको भने विचल्ली भएको छ ।

नेपाली कांग्रेस महासमिति सदस्य समेत रहेका स्थानीय अजित सिंहका अनुसार घटना गत बुधबारको हो । महिना दिनअघि एक्कासी ' बमिट' सँगै पेट समेत दुःखेपछि ५० वर्षीय ललन उपचारका लागि सितामाढी पुगेका थिए । डा. सुनिल सिंहले आन्द्राको शल्यक्रिया गर्नुपर्ने भनेपछि सोही अनुसार उपचार गराए पनि एकसाता अघि फेरि ललनको पेट दुख्यो । फेरि पेट दुख्यो भन्दै पूराना चिकित्सककोमा पुग्दा डा. सिंहले दोहोर्याएर शल्यक्रिया गरे। शल्यक्रिया पश्चात अस्पतालमै 'बेडरेष्ट' गरिरहेका ललनसँग उनकी श्रीमती संगिता पनि थिईन् ।कांग्रेस नेता सिंहका अनुसार तर गत मंगलबार राति अस्पतालमै ललनको मृत्यु भयो । अनि अस्पतालले एम्बुलेन्समा हालेर ललनको शव वाराउद्योरण पठायो र संगितालाई श्रीमानलाई घर पठाईसकिएको खबर गर्यो । संगिता पनि श्रीमानलाई ठिक भएर पठाईएको होला भन्ठान्दै टेम्पो चढेर बुधबार बिहान ४ बजेतिर घर आईपुगिन्। घर आईपुगेपछि उपचार पश्चात ठिक भयो होला भन्ठानेकी श्रीमानको शव देखेपछि एक्कासी ४५ वर्षीया संगितालाई हर्टअट्याक भयो ।

तत्काल नजिकै भारतको मेजरगंज स्थित अस्पतालमा पुर्याउँदा चिकित्सकले संगितालाई पनि मृत घोषणा गरेको सिंहले बताए। बुधबार स्थानीय बासिन्दाले नगद सहयोग संकलन गरेर श्रीमान- श्रीमतीको एकैठाउँमा दाहसंस्कार गरेका छन्। 'उपचार गराउँदा गराउँदै र दुईवटी छोरीको विबाह गर्दा उनिहरको ऋण पनि निकै रहेछ', सिंहले भने, 'आर्थिक अवस्था निकै कमजोर भएकाले हामी गाउँलेले आर्थिक सहयोग संकलन गरेर दाउरा लगायत आवश्यक सामानहरु किनेर दुवैजनाको एकै ठाउँमा दाहसंस्कार गर्यौं।' आम्दानीको कुनै बाटो नभएको र ऋण पनि थुप्रै भएको अवस्थामा एकमात्र सहारा श्रीमानको पनि मृत्यु भएपछि संगितालाई हर्टअट्याक भएको हुनसक्ने स्थानीयले अनुमान गरेका छन्।

## सबै आतंकवादी पक्राउ



रुसमा एउटा कन्सर्ट हलमा अन्धाधुन्ध गोली चलाएर १३३ जनाको हत्या गर्ने सबै चार बन्दुकधारी पक्राउ परेका छन् । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले सबै चार जना बन्दुधकारीलाई पक्राउ गरिएको जानकारी दिनुभएको हो । उहाँका अुसार घटनामा संलग्न भएको आशंकामा अन्य ७ जनालाई पनि पक्राउ गरिएको छ । ती बन्दुधकारीहरु युक्रेनतर्फ भाग्दै गरेको अवस्थामा पक्राउ गरिएको रुसको आरोप छ ।युक्रेनले भने यो आरोपललाई बेतुकको भन्दै अस्वकार गरेको छ । शुक्रबार राति मस्कोको क्रोकस सिटी हलमा कन्सर्ट चलिरहेको समयमा गरिएको आतंकवादी हमलामा १३३ जनाको मृत्यु भएको थियो भने १ सय ४० भन्दा बढी घाइते भएका थिए ।आतंकवादी समुह 'इस्लामिक स्टेट-खेर्सान' ले यो आक्रमणको जिम्मेवारी लिएको छ । गत महिना मस्कोमा रहेको अमेरिकी कन्सुलर विभागले रुसमा कुनैपनि बेला ठूलो जमघटमा आतंकवादी हमला हुनसक्ने खबर पाएको बताएको थियो । तर रुसी प्रशासनले उक्त खबरलाई हलुका रुपले लिँदै अमेरिकी प्रोपोगाण्डा भनेको थियो ।


लामखुट्टेबाट जोगिने र लामखुट्टे नियन्त्रण गर्ने उपायहरु



• पूरा बाहुला भएको लुगा लगाउने
• झुल भित्र मात्र सुत्ने



• घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
• घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने



• खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
• साँझ र बिहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा / बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने
• गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
• पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने



मुखियापट्टी मुसहरनिया गाउँपालिका
धनुषा , मधेश प्रदेश



भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥

सरस्वति पुजाको अवसरमा यस राम जानकी इंगलिस बोर्डिंग स्कूल सम्पूर्ण गौशाला नगरवासी , विद्यार्थी भाईबहिनि तथा अभिभावकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । यस स्कूलमा माध्यमिक तहमा नया/ शैक्षिक सत्र २०८१ बाट प्रवेश गरेको अवसरमा कक्षा ९ को लागि सरस्वति पुजा देखि वैशाख मसान्तसम्म निःशुल्क भर्ना गरिनेछ ।यस अवसरमा आना नानीबाबुहरुलाई समयमानै भर्ना गराई मौकाको फाइदा लिनुहुन अनुरोध गर्दछौं ।

हाम्रा बिशेषताहरु

निःशुल्क



- दक्ष ,अनुभवी एवं तालिमप्राप्त शिक्षकहरुद्वारा प्रयोगात्मक विधिबाट अध्यापन
- विद्यालय प्राणमै यथेष्ट खेल मैदान
- पुस्तकालयको व्यवस्था
- जेहेन्दार मेहेनेती शहिद परिवार,दलित ,फरक क्षमता तथा विपन्न पारिवारका विध्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था
- शान्त स्वच्छ र अनुशासित शैक्षिक बातावरण भएको
- डे बोडर्स तथा नाइट बोर्डर्सको व्यवस्था
- कम्प्युटर कक्षाको व्यवस्था

राम जानकी इंगलिस बोर्डिंग स्कूल
गौशाला -४ जिरोमाइल



प्रिन्सिपल : उमेश कुशवाहा
सम्पर्क न. ९८४४०२७१३० ९८१८१८८७६६

"गौशाला नगरवासीको सान राम जानकी इंगलिस बोर्डिंग स्कूलको पहिचान"


गौशाला खबर उज्यालो नेपालद्वारा संचालित, अध्यक्ष : निरन्जन कुमार साह कार्यालय :गौशाला न.पा.५ ,महोत्तरी ,सम्पादक : सूर्यनारायण साह , **कार्यकारी सम्पादक :भाग्यरेखा ठाकुर**
**email:gaushalakhabar6684@gmail.com** मुद्रक :रि -स्टार अफसेट प्रेस ,गौशाला सम्पर्क न. :९८४४१०११०८,९८२७८५३६५०